कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:

च.नं.:

प्रशासन ....................शाखा

## भिजन कम्पिटिसनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशन मिति २०७९/११/१५)

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम अन्तर्गत भिजन कम्पिटिसनमा भाग लिन ईच्छुक स्वदेश तथा विदेशमा रहनुहुने विद्यार्थी, सोधकर्ता, सम्बन्धित क्षेत्रका विज्ञ, योजनाकार, स्वतन्त्र अन्वेशक, लेखक, बुद्धिजीवि नेपाली नागरिक वा संघ संस्थाहरुका लागी खुल्ला प्रस्ताव आव्हान गरिएको छ । यस प्रतियोगितामा भाग लिन चाहने ईच्छुक संघ संस्था वा ब्यक्तिले देहाय बमोजिमको शर्तको अधिनमा रही कोहलपुर नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषण गरी आगामी दिनमा नगरपालिकामा पूर्वाधार विकास, आर्थिक विकास, संस्थागत विकास तथा सुशासन, वातावरण तथा विपद व्यवस्थापन, नवीनतम् प्रविधि तथा सूचना संचार एवं अन्य कुनै भए सो समेत उल्लेख गरी सो क्षेत्र सुधारको लागि नगरपालिकाले अवलम्बन गर्नुपर्ने नीति एवं ठोस कार्ययोजना सहितको सुझाव पेश गर्नुपर्ने छ । यस्तो प्रस्ताव कार्यान्वयन गर्दा न्यूनतम् मुल्य वा विना मुल्यमा (Low cost and no cost) गर्न सकिने गरी अनुमानित बजेट समेत प्रस्ताव गरी सूचना प्रकाशन गरेको मितिले ६० (साठी) दिनभित्र सम्पूर्ण कागजात सहित रीतपूर्वकको प्रस्तावना हार्ड कपी भए यस कार्यालयको प्रशासन शाखामा वा अनलाईन मार्फत पेश गर्ने भएमा नगरपालिकाको ईमेल ठेगाना kohalpurmun@gmail.com मा पेश गर्नुहुन कार्यपालिकाको मिति २०७९/११/५ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु:**

क) नेपाली नागरीक खुल्ने कागजात ।

ख) प्रस्तावकको विज्ञता वा अध्ययनको विधि खुल्ने कागजात ।

ग) कोहलपुर नगरपालिकाको समृद्धि र विकासको लागि कम्तीमा १००० (एक हजार) शब्दको कार्ययोजना सहित प्रस्तावनाको सफ्ट कपी समेत ।

**नोटः**

- प्रस्तावना मध्ये नगरपालिकाले अध्ययन गरी संक्षिप्त सूचिमा परेका प्रस्तावनाहरु प्रस्तावक स्वयम् नगरपालिकामा उपस्थित भई वा भर्चुवल माध्यमबाट प्रस्तुतीकरण गर्नुपर्नेछ ।
- नगरपालिकाको नीतिगत सुधारममा सघाउ पुग्ने प्रस्तावहरु मध्ये प्रथम, द्वितीय र तृतीय हुने प्रस्तावनाको लागि क्रमशः १,५०,०००।–(एक लाख पचास हजार), १,००,०००।–(एक लाख) र ५०,०००।–(पचास हजार) पुरस्कार राशी प्रदान गरिने छ र यस्तो प्रस्ताव नगरपालिकाको आगामी दिनको बजेट, नीति तथा कार्यक्रममा समावेश गरिनेछ ।
- प्रथम हुने प्रस्तावक वा विज्ञलाई कोहलपुर नगरपालिकाले सदभावना दुत वा विज्ञ समूहमा नियुक्त गर्न सक्नेछ।
- यस विषयमा थप बुझ्नुपरेमा नगरपालिकामा सम्पर्क गर्न सकिने ।

..........................११/१५

(टिकाराम ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np kohalpurmun@gmail.com ☎ ०८१-५४०००९

www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun